# ७ जब विश्वासीहरुको बीचमा झगडा हुन्छ

*यस अध्यायका मूल पदहरू:* प्रेरित ६:१-६, प्रेरित १०:१-२३, मत्ती ५:१७-२०, प्रेरित ११:३-२४, प्रेरित १५:१-२२ र आमोस ९:११,१२।

*यस अध्यायको मूल सार पद:* **"जति जना तिमीहरूले ख्रीष्टमा बप्तिस्मा लियौ त्यति जनाले ख्रीष्टलाई वस्त्रस्वरुप धारण गरेका छौ। येशू ख्रीष्टमा न त यहूदी न त अयहूदी वा ग्रीक, न त दास न त मालिक वा स्वतन्त्र, न त पुरुष न त स्त्री छ। येशू ख्रीष्टमा तिमीहरू सबै बराबर वा समान छौ" (गलाती ३:२७,२८ रूपान्तरित)।**

चर्चमा विभिन्न थरिका मानिसहरू, विभिन्न जातजातिका मानिसहरू र विभिन्न धारणा भएका मानिसहरू हुन्छ। चर्चको पहिचान र लक्ष्यलाई लिएर चर्चमा विभिन्न चर्चा र वाद विवाद हुन्छ। सबैको धारणाहरूलाई सम्हाल्दै चर्चलाई एकतामा कायमै राख्नु अत्यन्त कठिन काम हो। यदि विश्वासी तथा अगुवाहरूको बीचमा तालमेल र सहमति भएन भने चर्च ठूलो जोखिममा पर्न सक्छ।

नयाँ करारमा उल्लेख गरिएको सुरुको चर्च समाज अहिलेको भन्दा खास फरक थिएन। जहाँ भएतापनि, जहिले भएतापनि मानिस मानिस नै हो र मानिसहरूको बीचमा महत्त्वपूर्ण कुरा होस् वा सानो कुरामा होस् विभिन्न धारणाहरू उब्जेकै हुन्छन्। सुरुको चर्चका विश्वासीहरूको बीचमा पनि केही द्वन्द्वहरू उत्पन्न भएका थिए। यहूदी र अयहूदीहरू (अछुत वा विदेशी जाति भनेर यहूदीले ठानेकाहरू) चर्चमा मिसिएकोले कतिपय समयमा एक आपसमा पूर्वाग्रहले ग्रस्त भएका थिए। पुरानो करारका कथाहरू र त्यहाँ लेखिएका चलनहरूलाई मान्ने कि नमान्ने भन्ने विषयलाई लिएर विश्वासीहरूको बीचमा गम्भीर भनाभन भएको थियो। यदि येशूका चेलाहरू र चर्चका अगुवाहरूले पवित्र आत्माको अगुवाई र धर्मशास्त्रको नीतिमा नचलेका भए चर्चमा उब्जेका विभिन्न बादविवादले भर्खर जन्मिन थालेको चर्च ध्वस्त हुन्थ्यो किनभने विभिन्न विषयहरूलाई लिएर चर्चमा ठूलो तनाव खडा भएको थियो।

सुरुका विश्वासीहरूले एक भएर चर्चको एकता कसरी कायम राखेका थिए भनेर केही अध्याय अघि हामीले अध्ययन गर्‍यौं। चर्चको अस्तित्वलाई नै

खतरा हुने र एकतालाई भङ्ग गर्न खोज्ने विषय बस्तुहरू चर्चमा घुस्दा तत्कालीन येशूका चेलाहरू र चर्चका अगुवाहरूले विश्वासीहरूको बीचमा भएको झगडा कसरी साम्य पारे भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं। ती द्वन्द्वका विषयबस्तुहरू के थिए, तिनीहरूलाई कसरी सुल्झाइयो र आज पनि त्यसबाट के पाठ सिक्न सक्दछौं भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. जातिजातिको वीचमा भएको पूर्वाग्रह

**सुरुका चर्चमा विश्वासीहरूको बीचमा ठूलो गुनासो उत्पन्न भएको थियो। विधवी विश्वासीहरूलाई वास्ता गरिएन र यहूदी इसाई विश्वासीहरूले तिनीहरूलाई उचित र समान रूपमा खाना बाँडेनन् भनेर दुखेसो पोखाएका थिए। हेर्नुहोस् प्रेरित ६:१ "ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए।"**

सुरुका इसाईहरूले गरिब तथा विधवी इसाईहरूलाई खाना बाँड्थे। तर बाँड्ने क्रममा अयहूदी वा अन्य जाति ग्रीकबाट आएका इसाईहरूलाई यहूदी इसाईहरूले हेपेर थोरै खाना बाँड्थे। तर यहूदी इसाई विधवाहरूलाई भने यहूदी इसाईहरूले पेटभरि खाना बाँड्थ्यो। यो अनुमानित पक्षपातपूर्ण व्यवहारले गर्दा सुरुका चर्चका विश्वासीहरूको बीचमा फाटो आएको थियो। त्यो पक्षपात जानाजान गरिएको हो वा होइन भन्ने कुरा उक्त पदले भन्दैन। यो पक्षपातपूर्ण व्यवहार गरिएको भनेर कतिले विश्वास गरेका थिए भनेर उक्त पदले आभास् दिन्छ। यस्तो खालको बिरोधाभाषले सुरुको चर्चको एकतालाई धक्का परेको थियो। इसाईहरूकै बीचमा जातजातिहरूप्रति पूर्वाग्रह भएको र त्यसले गर्दा चर्चमा बिभाजन आएको सुरुकै चर्चमा देखिएको वास्तविकतालाई रोचक नै मान्नुपर्दछ।

**तर चर्चमा देखापरेका त्यस गलत प्रवृत्ति वा बेठीक बुझाईलाई सुरुका चर्चका अगुवाहरूले सरल कदमहरू चालेर कसरी समाधान गरे त? हेर्नुहोस् प्रेरित ६:२-६ "२ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" ५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र**

**तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।"**

सुरुको चर्च द्रुतगतिले बढ्दै गएको थियो। येशूलाई विश्वास गर्नेहरूको संख्या बढ्दै गएकोले चेलाहरूमा जिम्मेवारीको ठूलो भार थपिँदै थियो। त्यसकारण ग्रीक वा अयहूदी विश्वासीहरूले गरेको गनगनलाई साम्य पार्न र विश्वासीहरूको हितको हेरचाह गर्न चेलाहरूले सात जना मानिसहरूलाई नियुक्त गर्न सल्लाह दिए। परम्परा अनुसार तिनीहरूलाई डिकन भनेर सम्बोधन गरिन्थ्यो तर नयाँ करारमा त्यस नाउँले तिनीहरूलाई सम्बोधन गरेको पाइन्दैन। तिनीहरूको नियुक्तिले गर्दा यरुशलेमको चर्चमा भएको तनाव साम्य भएको थियो र सुसमाचार प्रचार गर्ने सेवाकार्यमा अरू मानिसहरूलाई पनि संलग्न गरिएको थियो।

प्रेरितहरूले ग्रीक वा अयहूदी भाषा बोल्ने विश्वासीहरूको गुनासो होशियारपूर्वक सुनेका थिए। तिनीहरूसँगै त्यसको समाधानको बाटो मागेका थिए। सात जना मानिसहरूलाई नियुक्ति गरी चेलाहरूलाई सहयोग गर्ने अधिकार पनि ती इसाई समूहलाई नै जिम्मा लगाएको थियो। तिनीहरूकै सहमतिमा सात जनालाई गरिएको नियुक्तिमा सबै जना अयहूदी वा ग्रीक भाषा बोल्ने संस्कारबाट आएका चेलाहरू थिए।

ती मानिसहरूको योग्यता यस प्रकारको थियोः विश्वासीहरू बीच आदर पाएका, पवित्र आत्माले भरिएको र बुद्धिले सम्पन्न भएका येशूका भक्तहरू थिए (प्रेरित ६ः३ रूपान्तरित)। त्यसभन्दा अघि सम्म प्रेरितहरूले नै सुसमाचार प्रचार गर्ने काम गर्थे र साथै विधवीहरूलाई खाना बाँड्थे। अब त्यो काम बाँडिन गएको थियो। चाहे चेलाहरूले होस् चाहे ती सात जनाले होस् दुवै समूह सुसमाचार सुनाउने महत्त्वपूर्ण सेवाकार्यमा लागेका थिए। "सुमाचार प्रचार गर्ने" वा "सेवा गर्ने" भनेर बुझाउने ग्रीक शब्द लूकाले एउटै शब्द प्रयोग गरेको पाइन्छ। त्यो हो डाइएकोनिया *(diakonia)*। चेलाहरूले सुसमाचार प्रचार गर्ने काम (प्रेरित ६:४) र डिकन वा चर्चका अगुवाहरूले खानाहरू बाँड्ने कामलाई (प्रेरित ६:१) एउटै शब्द प्रयोग गरिएको छ।

चर्चमा भएको समस्यालाई समाधान गर्न अगुवाहरूले धेरै विश्वासीहरूलाई जम्मा गरेका थिए (प्रेरित ६:२) भन्ने कुरा कतिको महत्त्वपूर्ण भएको तपाईंले देख्नुहुन्छ?

## २. यहूदी जाति बाहेक अन्य जाति वा अयहूदीहरूले येशूलाई विश्वास गर्ने प्रक्रिया सुरु हुन्छ

यहूदी जातिले येशूलाई विश्वास गर्दा यहूदी इसाईहरूलाई केही आपत्ति थिएन। तर विदेशी, वा यहूदीहरूले तुच्छ वा म्लेच्छ भनेर गनिएका अरू जातिका मानिसहरूले येशूलाई विश्वास गर्न पुग्दा सुरुको चर्चमा ठूलो विवाद आएको थियो। त्यसले गर्दामा यस्तो विरोध निस्कियो कि चर्चको लक्ष्य र अस्तित्वनै खतरामा पुगेको थियो भनेर प्रेरितको पुस्तकले आभास् दिँदछ।

मुक्तिको सुसमाचार केवल यहूदी जातिहरूको निम्तिमात्र होइन तर यहूदीबाट तुच्छ ठानिएका गोरा जाति र अरूको निम्ति पनि हो भन्ने आत्मज्ञान चेलाहरूको दिमागमा घुस्न धेरै समय लागेको थियो। त्यही सन्दर्भमा प्रेरित १०:१-२३ पढ्नुहोस्। गोरा तथा अन्य जातिहरूलाई पनि येशूको सुसमाचार सुन्ने र ग्रहण गर्ने अधिकार छ भनेर पवित्र आत्माले तिनीहरूको हृदयमा कसरी काम गरिरहनुभएको थियो भनेर ती पदहरूले बताउँछन्। हेर्नुहोस्: "१ कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। २ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, “कर्नेलियस!” ४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, “प्रभु, भन्नुहोस्।” अनि उनले तिनलाई भने, “तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।” ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले

भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" १४ तर पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।" १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।" १६ तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो। १७ जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, १८ "पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि?" भनी उच्च सोरमा सोधे। १९ जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ।" २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, "हेर, तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के हो?" २२ तिनीहरूले भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ। २३ तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे।"

ध्यानमा मग्न भएका पत्रुसले अचानक दर्शन देख्दा उनलाई अनौठो लागेको हुनसक्छ। अशुद्ध मानिएका र शरीरलाई बिटुलो बनाउने विभिन्न जातका पशुपंक्षीहरू स्वर्गबाट एउटा तन्नाभरि तल ओह्लिएको थियो। तिनीहरूलाई मारेर खाऊ भन्दा पत्रुसको सातोपुत्लो गएको हुनसक्छ। इसाई नै भएतापनि यहूदी जाति भएका र यहूदी संस्कार अनुसार चलेका पत्रुसले त्यस्तो अशुद्ध मासु कहिल्यै पनि खाएका थिएनन् किनभने पुरानो करारमा त्यो मनाही गरिएको थियो (लेबी ११, इजकिएल ४:१४, दानिएल १:८)। तर त्यस दर्शनको वास्तविक अर्थ खानेकुराको बारेमा थिएन बरू अयहूदी वा अन्य जाति तथा बिदेशीहरू र यहूदीहरूको बीचमा भएको पर्खालले गर्दा अरू

जातिहरूले पनि सुसमाचार सुन्न पाउने हकमा बाधा पुऱ्याइरहेको थियो। त्यसको अर्थ यहूदीहरू आफूहरू शुद्ध ठान्दथे भने आफ्नो धर्म, जात र वर्णमा नहुने सबै जातिहरू अपवित्र र अशुद्ध पशु भन्दथे। आफ्नो धर्म, संस्कार र जातभन्दा अरूलाई म्लेच्छ, तुच्छ वा कुजात ठान्ने प्रवृत्ति पौराणिक विश्वमामात्र होइन अहिले पनि भइरहेको पाइन्छ।

इसाई आस्थाको सुरुका दशकहरूमा त्यस आस्थालाई अङ्गाल्ने प्रायजसो यहूदीहरूनै थिए जसले पुरानो करारमा उल्लेखित मसीहको भविष्यवाणी अनुसार येशू नै मसीह भनेर स्वीकार गरेका थिए। ती सुरुका विश्वासीहरू यहूदी धर्मका भक्तहरू थिए र तिनीहरूले सिके अनुसार यहूदी धर्मको व्यवस्था र संस्कारलाई भक्तिपूर्वक पालन गर्दथे। येशू ख्रीष्ट आउनुभएपछि उहाँलाई औंल्याउने व्यवस्था वा संस्कारहरूको औचित्य समाप्त भयो भन्ने कुरा तिनीहरूको मगजमा घुसेको थिएन (मत्ती ५:१७-२०)।

**जब पत्रुस कर्नेलियसको घरमा पुगे तबमात्र त्यस दर्शनको अर्थ उनले बुझे। हेर्नुहोस् प्रेरित १० अध्यायको बाँकी भागः "२४ तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर पत्रुसले उनलाई यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।" २७ तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले तिनीहरूलाई भने, "अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब भन्नुहोस्।" ३० तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, 'कर्नेलियस, परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। ३२ यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई**

बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।' ३३ तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।" ३४ तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। ३९ "अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।" ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए।"

पवित्र आत्मा केवल यहूदीहरूको मात्र पेवा भनेर ठान्ने यहूदी र यहूदी इसाईहरूले उहाँले अन्यजातिहरूको बीचमा गरिरहनुभएको कुरा थाहा पाएर तिनीहरू छक्क परेका थिए। इसाई समाजमा केवल यहूदीमात्र होइन संसारका सबै जातिहरू समावेश हुनुपर्छ भन्ने सन्देश दिन पवित्र आत्माले कर्णेलियस र उनको घरमा जम्मा भएका मानिसहरूको हृदय तयार पारिरहनुभएको थियो।

येशूलाई विश्वास गर्न कोही यहूदी जातमा समावेश हुनुपर्दैन न त खतना नै गर्नुपर्छ।

जुन प्रकारले पवित्र आत्मा येशूका चेलाहरूमा पेन्टिकोस्टको समयमा खनिए त्यही प्रकारले कर्णेलियस र उनका घरानामा खनिनु हुँदा पत्रुस र उनका साथीहरू अरू जातिले पनि सुसमाचार सुन्नुपर्छ भन्ने कुरामा विश्वस्त भएका थिए (प्रेरित १०:४४-४७)। यदि पवित्र आत्मा जुनरूपमा येशूका चेलाहरूमा आउनुभएको थियो त्यही रूपमा अन्य जातिहरूमा पनि आउनु भयो भने, येशू ख्रीष्ट मसीह हुनुहुन्छ भनेर विश्वास गर्न कोही पनि खतना गर्नु नपर्ने वा पहिले यहूदी संस्कारमा हुल्नु नपर्ने जानकारी येशूका यहूदी चेलाहरूले कर्णेलियसको घरमा भएको घटनाद्वारा थाहा पाउन पुगेका थिए। त्यसले गर्दा यहूदी र अयहूदी वा अरू जातिहरू अशुद्ध, अपवित्र र येशूको सुसमाचार सुन्न अयोग्य ठानिएकाहरूको बीचमा भएको कुनै पनि धार्मिक शिक्षादीक्षा, जातीयता र संस्कारले गर्दा ल्याएको फाटो तथा विवाद सदाको निम्ति अन्त्य भएको थियो।

## ३. पवित्र आत्माले अगुवाई गरिरहनुहुन्छ

कैसरामा कर्णेलियसको घरमा जुन् घट्ना घट्यो त्यसको खबर यरुशलेममा भएको इसाई समाजका अगुवाहरूले थाहा पाए। त्यो घट्नाको विवरण वा स्पष्टिकरण दिन पत्रुसलाई यरुशलेममा बोलाइएको थियो। पत्रुसले जे गरे त्योदेखि यरुशलेमका इसाईहरूले आपत्ति जनाएका थिए। यहूदीहरूले बुझे अनुसार मोशाको व्यवस्थामा कुनै पनि यहूदी भक्तले अन्यजातिहरूसँग बसेर खान मनाही गरिएको थियो (प्रेरित ११:३)। येशूलाई विश्वास गरेतापनि पत्रुसको जात र वर्ण यहूदी नै भइरहेको थियो।

**जब पत्रुस यरुशलेम पुगे त्यहाँ यहूदी इसाईहरू उनीदेखि रिसाइरहेका थिए। तब तिनीहरूको सामु पवित्र आत्माको काम र उहाँको अगुवाईले जे भयो त्यो भयो भनेर व्याख्या गरेका थिए। कर्णेलियसको घरमा भएको घट्नालाई लिएर पत्रुसले ती यहूदी इसाईहरूलाई के मुख्य कुरा औंल्याएका थिए? (त्यो घट्ना अर्थपूर्ण छ किनभने रोमन क्याथोलिकले पत्रुसलाई येशूपछिको मूल अगुवा मानेर उनलाई सम्मान गर्दछन्। तर यस घट्नाले यो देखाउँछ कि तत्कालीन इसाईहरूको बीचमा कुनै अधिकार पाएको व्यक्ति भनेर प्रमाणित गरेनन्। पवित्र आत्माको अगुवाईलाई सर्वोपरी मानि पत्रुसले आफूलाई अरू विश्वासीहरू सरह राखेका थिए। अर्थात् पत्रुसले आफूलाई अरू चेलाहरूभन्दा ठूलो वा इसाई**

जगतको अगुवा पोप भएर देखाएका थिएनन् न त उनको चाहना नै थियो- अनुवादकको टिप्पणी)। हेर्नुहोस् प्रेरित ११ः१-१८ "१ यहूदियामा हुने प्रेरित र भाइहरूले अन्यजातिहरूले पनि परमेश्वरको वचन ग्रहण गरेछन् भन्ने सुने। २ जब पत्रुस यरूशलेममा आए, तब खतना गर्नेहरूको दलले तिनीसित यसो भन्दै तिनको आलोचना गरे, ३ “खतना नलिने मानिसहरूकहाँ गएर तिनीहरूसँग तपाईंले किन खानपान गर्नुभयो?” ४ तब पत्रुसले क्रमैसँग तिनीहरूलाई व्याख्या दिन थालेः ५ “म योप्पा सहरमा प्रार्थना गर्दैथिएँ, र ध्यान-मग्न थिए, तब एउटा ठूलो तन्नाजस्तो चार कुनामा समाती तल झरिराखेको केही थोक मैले दर्शनमा देखें, र त्यो मकहाँ आयो। ६ मैले नियालेर हेर्दा त्यहाँ पृथ्वीका जनावर र जङ्गली पशुहरू, घस्रने जन्तु र आकाशका चराचुरुङ्गीहरू देखें। ७ मलाई यसो भनेको एउटा आवाज मैले सुनें, ‘पत्रुस उठ, र मारेर खाऊ।’ ८ “तर मैले भनें, ‘होइन प्रभु, कुनै अपवित्र अथवा अशुद्ध कुरो मेरो मुखमा कहिल्यै परेको छैन।’ ९ “तर त्यस आवाजले दोस्रो पल्ट स्वर्गबाट मलाई भन्यो, ‘जे परमेश्वरले शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नभन।’ १० तीन पल्ट त्यस्तै भयो, र ती सबै फेरि स्वर्गमा लगिए। ११ “त्यति नै बेला कैसरियाबाट मकहाँ पठाइएका तीन जना मानिसहरू हामी बसेको घरमा आइपुगे। १२ नहिचकिचाई तिनीहरूका साथमा जान मलाई पवित्र आत्माले भन्नुभयो। यी छ जना भाइहरू पनि मेरो साथ लागेका थिए, र हामी त्यस मानिसको घरमा पस्यौं। १३ उनले हामीलाई बताए, कि एउटा स्वर्गदूत उनको घरमा उभिएर यसो भनिरहेका उनले देखे, ‘योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। १४ उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ– तिमी र तिम्रा सारा परिवारले।’

१५ “जब मैले बोल्न थालें, तब सुरुमा हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो। १६ तब प्रभुले भन्नुभएको त्यो वचन मलाई याद भयो, ‘यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।’ १७ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरूलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र?”

१८ यी कुरा सुनेपछि तिनीहरू चूप भए, र यसो भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे, “अब त परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनको निम्ति पश्चात्ताप दिनुभएछ।”

कतिपय यहूदी इसाईहरूले अन्य जातिहरूलाई बप्तिस्मा दिने निर्णयको अधिकारप्रति प्रश्न गरेका थिए, तैपनि त्यहाँ भएका अरू पर्याप्त साक्षीहरूले (प्रेरित ११:१२) देखे अनुसार पेन्टिकोस्टमा जस्तै पवित्र आत्मा अन्य जातिहरूमा पनि खन्याइएको रहेछ भन्ने प्रमाणलाई आफूहरूले अनुमोदन गरेको बताए। यस मामिलामा पवित्र आत्माको अगुवाईमाथि कसैले प्रश्न उठाउने आँट गरेनन् र पवित्र आत्माको वरदानलाई सबैले स्वीकारे। "जब तिनीहरूले ती कुराहरू सुने तब तिनीहरू चुप लागे र तिनीहरूले परमेश्वरको महिमा गरे, "ए लौ, अरू जातिहरूले पनि अनन्त जीवनमा पश्चाताप गरि सहभागी हुन परमेश्वरले अवसर दिनुभएछ" (प्रेरित ११:१८ रूपान्तरित)।

**सुरुको चर्चको जीवनमा अरू के भयो? हेर्नुहोस् प्रेरित ११:१९-२४ "१९ स्तिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतातत्तै छरपष्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। २० तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे। २१ प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै संख्यामा प्रभुतिर फर्के। २२ यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो, र तिनीहरूले बारनाबासलाई एन्टिओखियामा पठाए। २३ तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुशी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए। २४ किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थपियो।"**

हुनसक्छ यरुशलेममा भएका इसाई यहूदीहरूले कर्णेलियस र उनको घरानामा जे भयो त्यो केवल अपवादको रूपमा मात्रै भएको थियो र त्यस्तो अनुभव दोहोरिन नहुने कुरा तिनीहरूले सोचेका थिए होलान्। तर पवित्र आत्माको आशय त्यो थिएन। जब स्टिफनसको मृत्युपछि (प्रेरित ८:१) यरुशलेम र यहूदीयाबाट येशूका चेलाहरू छरपस्ट भए तब तिनीहरू सामरियाय, फेनिशिया, साइप्रस र आन्टिओखमा गए र धेरै धेरै अन्य जातिहरूले येशूलाई तिनीहरूको मुक्तिदाता भनेर ग्रहण गरे। यो हुने कुरालाई येशूले नै भविष्यवाणी गर्नुभएको थियो (प्रेरित १:८)। अन्य जातिहरूले येशूलाई ग्रहण गरी चर्चको संख्या वढेको कुरा अचम्म लाग्दो भएतापनि यदि हामीहरूले आफूहरूलाई ती यहूदी इसाईहरूको ठाउँमा राखेर हेर्‍यौं भने अन्य जातिहरू वा

अशुद्ध र अपवित्र मानिएका मानिसहरू पनि इसाई हुँदा यहूदी इसाईहरूको दिमागमा कस्तो प्रभाव परेको थियो भन्ने कुरामा छक्क पर्नु पर्ने थिएन ।

**चर्च र हामीहरूको सन्देशको मामिलालाई लिएर हामीहरू पनि संकुचित भावनामा त लागेका छैनौं जसले गर्दा सुसमाचार सुनाउने काममा वाधा भइरहेको छ?**

## ४. यरुशलेमको परिषद्

सुरुको चर्चमा दुई गम्भीर विषयमा विवाद भएको थियो। ती विषयहरू देहायका पदहरूले देखाउँदछन्। हेर्नुहोस् प्रेरित १५:१,२ "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे।" र गलाती २:११-१६ "११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। १२ याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि डराएका थिए। १३ अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे। यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर गए। १४ तर जब सुसमाचारको सत्यताबमोजिम तिनीहरू नचलेका मैले देखें, तब तिनीहरू सबैका सामुन्ने मैले केफासलाई भनें, "तपाईं यहूदी भईकन यहूदीजस्तो नभई अन्यजातिहरूजस्तै चल्नुहुन्छ भने, अन्यजातिहरूलाई यहूदीजस्तै जिउन कसरी कर लाउनुहुन्छ?" १५ हामी जन्मैका यहूदी हौं, र अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा (यहाँ खतनाको व्यवस्थाको बारेमा भनिएको हो दश आज्ञाको बारेमा होइन) मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन।"

सुरुको चर्चमा भएको एकतालाई धक्का पुऱ्याउने विषयबस्तु जटिल र वास्तविक थियो। मुक्ति भनेको केवल यहूदी जातिलाई मात्र दिइन्छ संसारका अरू कुनै जातिलाई उपलब्ध गराइएको छैन भनेर कतिपय यहूदी इसाईहरूले सोचेका थिए। मुक्तिको करार अब्रहामद्वारा उनका सन्तानलाई मात्र दिइएको हुनाले उनको रगतको बंशमा नहुने वा विधिपूर्वक कोही यहूदी भएन भने अरू कोही मुक्तिको हकदार बन्न सक्दैन रे! त्यो दावी पनि इसाईहरूले नै गरेका थिए जो आफू यहूदी भनेर गौरब गर्दथे। परमेश्वरका जन हुन खतना गर्नै पर्ने रे! आफूचाहीँ चोखो जाति अरू सबै कुजात थान्ने ती यहूदी इसाईहरूले अन्य जातिहरूसँग उठबस र खानपिन गर्नु हुँदैन भनेर पनि तिनीहरूले सोचेका थिए। यदि विदेशी वा अरू जातिहरूसँग हेलमेल भइयो भने आफूहरूले पाउने मुक्ति पनि गुमाउने भनेर ती यहूदी जातिबाट आएका इसाईहरूले जिकिर गरेका थिए।

अरू जातिहरूसँग हेलमेल नगर्ने विषयमा यहूदीहरूको कट्टर परम्परा थियो। जब प्रेरितहरूले बिदेशी तथा अन्य जातिहरूलाई सुसमाचार सुनाएर तिनीहरूलाई येशूका अनुयायी बनाउन चाहेका थिए तब त्यो परम्परा नयाँ इसाई समाजमा ठूलो बाधकको रूपमा खडा हुन पुगेको थियो। के मसीह, पुरानो करार अनुसार, परमेश्वरको करारमा रहेका जनहरूको मुक्तिदाता होइनन् र? यदि अन्य जाति वा अयहूदीहरू त्यस मुक्तिमा सहभागी हुन चाहन्छन् भने तिनीहरू पनि यहूदी धर्म र जातिको परम्परा अनुसार विधि पुऱ्याएर पहिला यहूदी हुनुपर्दैन र? (यो मनिस्थिति कट्टर हिन्दु धर्ममा पनि लागु भइरहेको पाइन्छ-अनुवादकको टिप्पणी)।

**यहूदी इसाईहरूको जिकिर र अयहूदीहरूले पनि सुसमाचार सुनेर यहूदी नभइकनै उहाँको अनुयायी हुने आदेश येशूले दिनुभएको थियो भनेर अडान लिने चेलाहरूको बीचमा भएको विवादलाई सुल्झाउन सबै विश्वासीहरूलाई मिलाएर एक परिषद् बसेको थियो। त्यस यरुशलेमको परिषद्मा के विषयहरू प्रस्तुत गरिएका थिए? हेर्नुहोस् प्रेरित १५ (विशेष गरेर ३-२२) "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई**

नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए।
तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण
गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू
अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई
मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्‍वरले तिनीहरूसँग गर्नुभएका
सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय
विश्‍वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई
मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।" ६ यस विषयमा सोच-
विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि
पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका
दिनहरूमा कसरी परमेश्‍वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन
सुनून् र विश्‍वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका
कुरा जान्नुहुने परमेश्‍वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा
दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र
हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्‍वासद्वारा शुद्ध
पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन
परमेश्‍वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न
सक्यौं। ११ तर हामी विश्‍वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले
उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।" १२ तब सभामा सबै
चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्‍वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू
र आश्‍चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले
यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो
कुरा सुन्नुहोस्, १४ परमेश्‍वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा
जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै कुरासँग
अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ 'यी कुरापछि म
फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म
फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र बाँकी मानिसहरूले
परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जुनहरू मेरो नाउँद्वारा
बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी
कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका छन्।' १९
"यसकारण मेरो फैसला यो छ, कि परमेश्‍वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी

दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।" २२ तब प्रेरितहरू, एल्डरहरू र सम्पूर्ण मण्डलीले मिलेर आफ्ना बीचबाट कतिपय मानिसहरूलाई चुनेर पावल र बारनाबाससँग एन्टिओखियामा पठाउन उचित ठाने, र भाइहरूमध्ये मुख्य मानिसहरू, यहूदा भनिने बारसाबास र सिलासलाई चुने २३ र तिनका साथमा उनीहरूले यो पत्र पठाए: "एन्टिओखिया, सिरिया र किलिकियामा रहने अन्यजाति विश्वासी भाइहरूलाई, प्रेरितहरू र एल्डरहरूको अभिवादन। २४ हामीले सुनेका छौं, कि हाम्रा बीचका कुनै-कुनैले हाम्रो आदेशविना नै तपाईंहरूका मन अस्थिर तुल्याएर तपाईंहरूलाई कैयौं कुराले दुःख दिएका छन्। २५ यसकारण हामी सबैले सर्वसम्मतिद्वारा गरेको निर्णयअनुसार कतिपय मानिसहरूलाई चुनेर तिनीहरूलाई हाम्रा प्रिय बारनाबास र पावलका साथमा तपाईंहरूकहाँ पठाउन हामीलाई उचित लाग्यो। २६ यी मानिसहरू यस्ता हुन्, जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर आफ्ना प्राण जोखिममा पारेका छन्। २७ यसकारण हामीले यहूदा र सिलासलाई पठाएका छौं। तिनीहरूले पनि सोही कुराहरू मुखैले बताउनेछन्। २८ किनभने पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन। २९ तपाईंहरू मूर्तिहरूलाई बलि चढ़ाएको थोक, रगत, गला अँठ्याएर मारेको पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुहोस्। यी कुराहरूबाट अलग्ग रहनुभयो भने असल हुनेछ। बिदा।" ३० बिदाबारी भएपछि तिनीहरू एन्टिओखियामा आए, र समुदायलाई एकसाथ जम्मा गरेर सो पत्र दिए। ३१ पत्रमा भएका अर्तीका कुरा पढ़ी तिनीहरू खुशी भए। ३२ यहूदा र सिलास आफैहरू पनि अगमवक्ता भएका हुनाले भाइहरूलाई धेरै वचनद्वारा अर्ती दिएर तिनीहरूलाई बलिया गराए। ३३ यिनीहरूले केही दिन त्यहाँ बिताएपछि, त्यहाँका भाइहरूले यिनीहरूलाई पठाउनेहरूकहाँ शुभेच्छासहित बिदा दिई पठाए। ३४ तर सिलासलाई त्यहीं बस्न असल लाग्यो। ३५ पावल र बारनाबासचाहिँ शिक्षा दिँदै र प्रभुको वचन प्रचार गर्दै अरू धेरै जनाका साथ एन्टिओखियामा बसे।"

खतना र अन्यजाति वा अयहूदीहरूसँग राखिने सम्बन्धको विषयमा पुरानो करारमा दिइएको शिक्षालाई कसरी अर्थ लगाउने भन्ने विवादको मूल

विषयबस्तु थियो। येशूका चेलाहरू, एल्डर तथा चर्चका अगुवाहरू र आन्टोखियाबाट आएका प्रतिनिधिहरू एकै ठाउँमा बसेर ती विषयहरूमा ठूलो र लामो छलफल गरिरहेका थिए।

अनि पत्रुस, बारणावास र पावलले आफ्ना मन्तव्यहरू राखे। पत्रुसको मनतव्यमा आफूले कर्णेलियसको मामिलामा आफूले पाएको दर्शन र पवित्र आत्मा कर्णेलियस र उनका घरानामा खनिनुभएको हो भन्ने बारेमा वयान दिएको आभास पाइन्छ। अन्यजातिहरूमाथि पवित्र आत्मा खनिनुभएकोले येशूको सुसमाचार केवल यहूदीहरूलाई मात्र होइन अयहूदीहरूलाई पनि हो भनेर त्यस घट्नाले बाटो खुलाएको पत्रुसले जिकिर गरे। अनि पावल र बार्णावासले आफ्ना कथाहरू बाँधे जसमा परमेश्वरले तिनीहरूद्वारा अयहूदीहरूमा काम गर्नुभएको थियो। त्यसले गर्दा धेरै मानिसहरूको आँखा नयाँ सत्यप्रति आँखा खुल्न गएका थिए। पत्रुसले भनेः "जुन तरिकाले अयहूदीहरूले मुक्ति पाए त्यही तरिका अनुसार येशू ख्रीष्टको अनुग्रह अनुसार हामीले पनि मुक्ति पाउनेछौं " अर्थात् अयहूदी वा अन्य जातिहरूले जस्तै (प्रेरित १५:११ रूपान्तरित)। सुसमाचारको बाटोले शताब्दियौंसम्म चलिरहेको परम्परा, संस्कृति र संस्कारको अन्त्य भएको थियो।

**मानिसहरूले आफ्नो परम्परालाई पकडि राखेका हुन्छन्। त्यस परम्पराको बारेमा के तपाईंले आफ्नो मन परिवर्तन गर्नु भएको छ जब तपाईंमा सत्य आत्मज्ञानको उदय भयो? कुनै पनि विश्वास तथा आस्थाको बारेमा प्रश्न उठेमा तपाईंको विगतको अनुभवले सुल्झाउन कसरी मद्दत मिल्न सक्दछ?**

## ५. अत्यन्त जटिल समाधान

आन्टओखियामा भएको विवादलाई साम्य पार्न यरुशलेममा प्रतिनिधिहरू पठाएर त्यहाँबाट निर्णय ल्याउन आवश्यक थियो। तिनीहरूले पावल र वर्णावासलाई आफूहरूको प्रतिनिधि पठाउने निर्णय गरे। त्यसको लागि पावल र वर्णावासले तिनीहरूको विश्वास जित्न सफल भएका थिए। जब यरुशलेममा प्रेरितहरू, चर्चका अगुवाहरू, प्रतिनिधिहरू र याकूब भेला भए तब त्यहाँ ठूलो बहस चलेको थियो। याकूब येशूका भाइ थिए। उनले त्यसबेला भेला भएका विश्वासीहरूको सहजकर्ता वा अगुवाको भूमिका खेलेका देखिएका थिए। (याद गर्नुहोस्, पत्रुसले चर्चको अगुवाको भूमिका खेलेका थिएनन्)। याकूबले सबैको मन्तव्य सुनिसकेपछि समस्याको बारेमा के गर्ने भनेर निर्णय गरेका थिए (प्रेरित १५:१३-२०)। येशू ख्रीष्टलाई विश्वास गरेर उहाँको

अनुयायी हुन कुनै पनि अन्य जाति वा अयहूदी व्यवस्थाका विभिन्न विधिविधान पालन गरेर, यहूदी परम्परा अनुसार खतना गरेर यहूदी हुनु अब आवश्यक छैन भन्ने निर्णय सर्वसम्मतिबाट पारित भएको थियो।

**इस्राएलका छिमेकी राष्ट्रहरूको बारेमा पुरानो करारका भविष्यवक्ताहरूले भविष्यवाणीहरू गरेका थिए। ती के थिए? हेर्नुहोस् आमोस ९:११,१२ "११ "त्यस दिन म दाऊदको ढलेको वासस्थानलाई पुनर्स्थापन गर्नेछु, र त्यसका प्वालहरू मर्मत गर्नेछु। अनि भत्केको अवस्थाबाट त्यसलाई म खड़ा गर्नेछु र अघिजस्तै गरी म त्यसलाई निर्माण गर्नेछु, १२ ताकि तिनीहरूले एदोमको बाँकी रहेका, र मेरो नाउँ भएका सबै जाति-जातिलाई अधिकार गरून्।" यसै नै गर्नुहुने परमप्रभु घोषणा गर्नुहुन्छ।" र यर्मिया १२:१४-१६ "१४ परमप्रभु यसो भन्नुहुन्छः "मेरा सबै दुष्ट छिमेकीहरू, जसले मैले मेरा प्रजा इस्राएललाई दिएको पैतृक-सम्पत्ति जफत गरेका छन्, 'म उनीहरूलाई उनीहरूका देशहरूबाट उखेल्नेछु, र यहूदाको घरानालाई उनीहरूका बीचबाट उखेल्नेछु। १५ तर उनीहरूलाई उखेलेपछि म फेरि उनीहरूलाई टिठ्याउनेछु, र उनीहरू हरेकलाई आ-आफ्नै पैतृकसम्पत्ति र आ-आफ्नै देशमा फेरि ल्याउनेछु। १६ अनि उनीहरूले पहिले मेरो प्रजालाई बाल देवताको नाउँमा शपथ हाल्न सिकाएझैं, यदि उनीहरूले 'जीवित परमप्रभुको नाउँमा' भन्दै मेरो नाउँमा शपथ खाएर मेरो प्रजाको चाल राम्ररी सिके भने, उनीहरू मेरा प्रजाको बीचमा स्थापित हुनेछन्।"**

याकूबले आमोस ९बाट उद्धृत गर्छन् भने पुरानो करारका अगमवक्ताहरूले यहूदी बाहेक अयहुदी वा अन्य जातिहरूले पनि मुक्ति पाउने अवसर मिल्नेछ भनेर भविष्यवाणी गरेको पाइन्छ। इस्राएलीहरूको गवाही र अनुभवको कारणले सारा संसारले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना थियो। अब्राहम र उनका सन्तानहरूद्वारा सारा राष्ट्रका मानिसहरूले आशिष पाउन् भन्ने हेतुले परमेश्वरले अब्राहमलाई नियुक्त गर्नुभएको थियो (उत्पत्ति १२:१-३ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्") । पवित्र आत्माको

अगुवाई, पत्रुस, बार्णावास र पावलको सेवाकार्यले गर्दा अन्य जातिहरू वा यहूदीहरूले कुजात ठहऱ्याइएकाहरूले येशूलाई विश्वास गर्न पुगेको प्रमाणलाई कुनै पनि यहूदी इसाई जसले यहूदी धर्मलाई कायम गर्नुपर्छ भन्नेहरूले अस्वीकार गर्ने आँट गरेका थिएनन्। अयहूदीहरूको बीचमा भइरहेको क्रियाकलापहरूको प्रमाणले पुरानो करारका धेरै भविष्यवाणीहरू अब पूरा भइरहेको कुराको महसुस यरुशलेमका इसाई समाजले गरेका थिए। इस्राएलीहरूको बीचमा अयहूदीहरूको उपस्थितिलाई कसरी सम्हाल्ने भनेर परमेश्वरले अघिबाटै विधिविधानहरू दिनुभएको थियो साथै तिनीहरूको निम्ति के प्रतिवन्ध र के खुला छ भन्ने नियमहरू तोक्नुभएको थियो (लेबी १७,१८)। आफ्नो निर्णयमा याकूबले ती केही नियमहरू उल्लेख गरेका थिए (प्रेरित १५:२९)। अब अयहूदीहरूलाई पनि उहाँका जनहरू हुन र येशूमा पाइने मुक्तिमा सहभागी हुन परमेश्वरले आह्वान गर्नुभएको सबैको सामु स्पष्ट भएको थियो। पवित्र आत्माको अगुवाईले तिनीहरूले धर्मशास्त्रको गहिरो अर्थ बुझ्न सकेका थिए र पहिले नदेखेका अत्यन्त निर्णायक सत्यहरू ती यहूदी इसाईहरूको सामु प्रकट भएको थियो।

यरुशलेमको परिषद्ले गरेको निर्णयदेखि आन्टिओखियाका विश्वासीहरूको प्रतिक्रिया प्रेरित १५:३०-३५मा यसरी बताइएको छः "त्यहाँका विश्वासीहरूले उक्त उत्साहित सन्देश सुन्दा खुशी भए" (रूपान्तरित)। ।

जब सुरुका चर्चका सदस्यहरूले आफूहरूलाई परमेश्वरको वचनमा समर्पित गराए, पवित्र आत्माको अगुवाईमा प्रेम, एकता र आपसी विश्वासमा अटल भए तब चर्चमा भइरहेको प्रमुख सङ्कट वा विवाद कसरी सुल्झियो भन्ने अत्यन्त प्रभावकारी उदाहरण प्रेरित १५ अध्यायले बताउँदछ। यदि ती तत्वहरूले विश्वासीहरूको मनस्थितिलाई नियन्त्रण नगरेको भए चर्चको अस्तित्व नै जोखिममा पर्ने थियो।

**अरूहरूको मन्तव्य ध्यानपूर्वक सुन्नुमात्र जरुरी होइन तर तिनीहरूले व्यक्त गरिरहेका कुराहरू हामीहरूले सुन्न नचाहेतापनि तिनीहरू ठिक हुनसक्छन् भन्ने कुरा प्रेरित १५ अध्यायको वयानले हामीलाई कसरी सिकाउँछ?**

**उपसंहारः**

**थप जानकारीको निम्ति पढ्नुहोस्: एलेन जी ह्वाइटद्वारा लिखित द आक्टस् अभ आपोस्टल्समा लिखित पृ. १३१-१४२को "ए सिकर फर ट्रुथ" र पृ. १८८-२००को "ज्यु एण्ड जेन्टाइल" अध्यायहरू।**

**"चर्चमा कुनै पनि** विश्वासीलाई समावेश गर्नुभन्दा पहिले त्यसलाई यहूदी बनाउनुपर्छ कि पर्दैन भनेर निर्णय गर्न बसेको परिषद्मा प्रेरितहरू, ती यहूदी र अयहूदी इसाई चर्चहरू स्थापना गर्ने आदरणीय गुरुहरू र विभिन्न स्थानबाट चुनिएर आएका प्रतिनिधिहरू समावेश भएका थिए। यरुशलेमका एल्डर तथा चर्चका अगुवाहरू, आन्टोखियाका प्रतिनिधिहरू र उल्लेखनीय चर्चहरूका प्रतिनिधिहरू त्यस परिषदमा जम्मा भएका थिए। पवित्र आत्माले दिनुभएको आत्मिक ज्ञानद्वारा प्रजल्वित न्यायको खुबी र परमेश्वरको चाहना अनुसार स्थापना भएको गरिमामय चर्चको प्रतिष्ठाले परिचालन गरे अनुसार परिषद् बसेको थियो। जब विभिन्न प्रतिनिधिहरूको सुनुवाई अनुसार तिनीहरूले यो देखे कि परमेश्वर आफैले यहूदी इसाईहरूको प्रश्नको जवाफ दिनुभएको थियो। अन्य जातिहरू तथा यहूदीहरूले कुजात भनेर पन्छाएका मानिसहरूमाथि पवित्र आत्मा खनिनु हुँदा ती अरू जाति यहूदी पहिला हुनुपर्छ कि पर्दैन भन्ने प्रश्नको औचित्य समाप्त भएको त्यस परिषद्ले बुझ्न गएको थियो। तब ती प्रतिनिधिहरूले पवित्र आत्माको अगुवाई अनुसार चल्ने कि नचल्ने भन्ने अधिकार तिनीहरूलाई सुम्पिएको तिनीहरूले महसुस गरे।

यो पनि थाहा पाउन जरुरी छ कि "सारा इसाईहरूलाई उक्त संवेदनशील विषयमा मत खसाल्न आह्वान गरिएको थिएन। 'प्रेरितहरू अर्थात् येशूका विशेष चेलाहरू र एल्डर वा चर्चका अगुवाहरू, विवेकशील इसाई विश्वासीहरूले परिषद्को निर्णयलाई उचित तरिकाले दस्तावेज वा पत्र लेखेका थिए। यस पत्रलाई प्रायजसो सबै इसाई चर्चहरूले अनुमोदन गरेको थियो। परिषद्मा भएका सबै जना मानिसहरू त्यस निर्णयप्रति सन्तुष्ट थिएनन्। त्यहाँ कोही यस्ता विश्वासीहरूका गुट थिए जो आफ्नो भाऊ खोज्ने, महत्त्वाकाँक्षी र मैमात्र ठीक छु भन्ने मनस्थिति भएकाहरू थिए। तिनीहरूले चर्चको सर्वसम्मतिबाट पारित भएको निर्णयलाई मान्न चाहेनन्। चर्चको निर्णयप्रति असहमत हुँदै तिनीहरूले आफ्नै सुरमा काम गर्न दिमाग लगाए। तिनीहरूले अरूलाई दोष लगाउन, गनगन गर्न र आलोचना गर्न मन पराए र साथै सुसमाचार सिकाउन परमेश्वरले नियुक्त गर्नुभएको मानिसहरूको खुट्टा तान्न वा

तिनीहरूको कामलाई पछार्न चर्चबाट अलग भएर आफ्नै "इसाई स मूह" वा गुट बनाए। सुरुदेखि नै चर्चमा यस्ता प्रबृत्ति भएका मानिसहरूले अड्डा जमाएका थिए जो आफ्नो भाऊ खोज्ने र आफूले चाहे अनुसार चर्च वा चर्चका अगुवाहरू नचल्दा चर्चलाई फुटाएर आफ्नै गुट खडा गरेर चर्चको लक्ष्यलाई बाधा दिन्थे। यो क्रम संसारको अन्तिम घडिसम्म रहिरहनेछ।"-एलेन जी ह्वाइट, द आक्ट्स अभ आपोस्टल्स, पृ. १९६,१९७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ) **यदि चर्चमा कुनै विवाद भएमा प्रेरित १५ अध्यायमा उल्लेख गरिए अनुसार हामीहरूले पनि के कदम चाल्नुपर्छ जसले गर्दा विवादलाई सुल्झाउन सकिन्छ? उपर्युक्त घट्नामा चर्चका विश्वासीहरूबीच धर्मको मामिलालाई लिएर विवाद भएको थियो। हामीहरूको एकतालाई भङ्ग गर्न संस्कार, संस्कृति, परम्परा, राजनैतिक र जातीय तत्वहरूले प्रयास गरिरहेका हुन्छन्। त्यसलाई सम्हाल्न प्रेरित १५मा उल्लेखित चर्चको परिषद्ले कदम चालेको र निर्णय गरेकोबाट हामी के सिक्नसक्छौं? हामीले त्यसबाट के महत्त्वपूर्ण नीतिलाई अपनाउन सक्छौं?**

आ. **एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको बिचारलाई फेरि पढ्नुहोस्। सर्बसम्मति वा सबैले मान्ने गरेर पारित भएको प्रस्ताब भएर चर्च सकारात्मक दिशातर्फ लाग्न थालेतापनि कतिपय मानिसहरू त्यसप्रति बिरोध जनाउन वा असहमति जनाएर फुट ल्याएर आफ्नै गुट खडा गर्ने प्रवृत्ति जस्तो तितो सत्यबाट हामीले के सिक्न सक्छौं?**

**सारांशः** सुरुका चर्चमा धेरै यस्ता विषयबस्तुहरू थिए जसले चर्चमा विवाद तथा झगडा ल्याएका थिए। यदि तिनीहरूलाई समाधान नगरिएको भए चर्चको अस्तित्वमाथि ठूलो धक्का पुग्ने थियो। पवित्र आत्माको अगुवाईमा र परमेश्वरको वचनमा आफूहरूलाई सुम्पिएर चर्चलाई खतम गर्न खोज्ने तत्वबाट येशूका चेलाहरू, चर्चका अग्रजहरू, अगुवाहरू र विभिन्न ठाउँहरूबाट आएका प्रतिनिधिहरूले चर्चमा ल्याएका विवादहरू सुल्झाउन सफल भएका थिए।

# कथा ७
# निको पार्ने कागती
## सिरेनबुयसान, २७ इन्डोनेसिया

इन्डोनेसियाको पपुवा न्यु गीनी पहाडको फेदीमा मेरो साथी र मलाई मिसन हवाइजहाजले झारिदियो।

माथि पहाडमा उक्लिनुभन्दा पहिले हामी सहरको पसलमा केही किनमेल गर्न गयौं। हामी पहाडको गाउँमा प्रभुको बारेमा सिकाउन स्वयंसेवक विद्यार्थीहरू भएर जाँदै थियौं। हामी आफ्नो कलेजबाट केही समय छुट्टी लिएर गाउँका मानिसहरूलाई केही सेवा गर्न सक्दछौं कि भनेर जाँदै थियौं। किनमेल गर्न हामीसँग खास पैसा थिएन। तर बजारमा हामीलाई मन पर्ने एक थोकको चाहना हामीले गर्‍यौं। त्यो थियो हरियो कागतीहरू। हामीलाई कागती असाध्य मनपर्दथ्यो। पहाडमा कागती पाइन्दैन भनेर हामीलाई थाहा थियो।

पहाडमा हिँड्दा हिँड्दै दुई हप्ता पछि टिनीबिल भन्ने पहाडको गाउँमा आइपुग्यौं। त्यहाँ हामीले कसैलाई चिनेको थिएनौं। तिनीहरूलाई येशूको बारेमा कसरी सुनाउने भन्ने कुरा पनि हामीलाई थाहा थिएन। हामीहरूले १००० मिसिनेरी अभियान संगठनमा एक वर्ष तालिम पाएका थियौं। तिनीहरूले हामीलाई अनकङ्टार पहाडमा पठाए। त्यहाँका गाउँलेहरूलाई येशूको सुसमाचार कसरी सिकाउने भन्ने कुरामा हामी अलमल भएका थियौं। हामीले के गर्ने सो थाहा पाएनौं भने प्रार्थना गर्नु भनेर हामीलाई सिकाएको सम्झयौं। त्यसकारण हामीले प्रार्थना गर्‍यौं।

जब हामी गाउँमा हिँडिरहेका थियौं एक दिन गाउँको एक जना मानिसले उसको मारियस भन्ने अन्धो नातेदारलाई हेर्न आउन अनुरोध गर्‍यो। हामी उसको घरमा गयौं र दुई वर्ष अघिदेखिमात्र अन्धो भएको मारियस कसरी अन्धो भयो भनेर हामीले सोध्यौं।

"मलाई थाहा छैन। त्यत्तिकै अन्धो भयो" भनेर टाउको हल्लाउँदै त्यस मानिसले भन्यो। तर गाउँका अरू मानिसहरूले दुष्ट आत्माले गर्दा अन्धो भएको भनेर बताए। मारियस र उसका परिवारले सहयोगको निम्ति अनुरोध गरे। तिनीहरूले औषधी र प्रार्थनाको निम्ति अनुरोध गरे।

मेरो साथी र मलाई केही थाहा भएन के गर्ने। हामी आफ्नो कोठामा फर्केर आयौं र प्रार्थना गर्‍यौं, "प्रभु, यदि यहींबाट हाम्रो काम सुरु हुन्छ भने अचम्मको काम गरिदिनुहोस्।"

पहाडको फेदीमा कागती किनेको हामीले सम्झयौं। हामी डाक्टरहरू त होइनौं तर कागतीमा औषधी हुन्छ भन्ने कुरा केही हदसम्म हामीलाई थाहा

थियो। त्यसकारण भोलिपल्ट मारियसको घरमा जाँदा केही कागतीहरू लिएर गयौं। हामीले कागतीलाई काट्यौं र प्रार्थना गऱ्यौं। कागतीको केही झोल उसको आँखामा राखिदियौं र फेरि प्रार्थना गऱ्यौं। दिउँसो पनि उसको घरमा गयौं र प्रार्थना गर्दै अर्को थोपा झोल राखिदियौं। फेरि प्रार्थना गऱ्यौं।

यो काम हामीले एक हप्ताभरि विहान र दिउँसो गऱ्यौं। मारियसको आँखा खोलिएन। हामीले भन्ठान्यौं कि हाम्रो काम व्यर्थ भयो। तर दुई हप्तापछि हामीलाई मारियसले भन्यो कि दुई वर्ष पछि सबभन्दा पहिले उसले केही न केही प्रकाश देखेको छ। हामीलाई हौशला बढ्यो र फेरि प्रार्थना गऱ्यौं।

एक महिनापछि मारियसले एक दिन भन्यो कि ऊ अलिअलि देख्न सक्ने भएको छ। त्यही दिन हामीहरूको कागती सकिएको थियो। त्यो कुरा मारियसलाई हामीले भनेनौं। तर अब नयाँ उपचार गर्नेछौं भनेर उसलाई हामीले भन्यौं। हामी केवल अब प्रार्थनामात्र गर्दछौं। दिनको दुई पल्ट मारियसलाई भेटेर उसँग प्रार्थना गऱ्यौं।

धेरै हप्तापछि हामी मारियसको घरमा पुग्दा त ऊ घर नजिकको खेतमा हेरिरहेको पो देख्यौं। ऊ हिँडडुल गरिरहेको थियो। ऊ देख्ने भएको थियो। पूरै आँखा खोलेको त छैन तर जीविका चलाउन आफू देख्न सक्ने भएको मारियसले हामीहरूलाई बतायो।

मारियस अत्यनत खुशी भएको थियो। उसले गाउँका अरू मानिसहरूलाई येशूले उसको आँखा खोलिदिनुभएको र दुष्ट आत्मालाई उहाँले जित्नुभएको थियो भनेर गाउँलेहरूलाई बतायो।

त्यसले गर्दा सुसमाचार प्रचार गर्न त्यस गाउँमा हामीहरूको ढोका खुल्यो। मारियस निको भएको खबर पहाडको गाउँभरि फैलियो। प्रार्थना गर्न र उपचार गर्न गाउँलेहरूले हामीसँग सम्पर्क राख्न थाले। गाउँलेहरूले हामीहरूलाई पास्टर डाक्टर भनेर बोलाउन थाले। हामी न त पास्टर हौं न त डाक्टर नै हौं। तिनीहरूले बाइबल अध्ययन गर्न चाहे। यो हामीहरूको प्रार्थनाको जवाफ थियो। केही समयपछि सात जनाले बप्तिस्मा लिए।

संसारको कुना कुनामा प्रभुको सुसमाचार प्रचार गर्न मिसन भेटी दिनुभएको तपाईंहरूलाई धन्यवाद।

***-सिरेनबुयसानले आन्द्र्यु मेकचेस्नीलाई बताएको आधारमा*** सिरेनबुयसान विद्यार्थी मिसिनेरी भएर सन् २०१६मा सेवा गरेका थिए। उनी अहिले इन्डोनेशियाको माननडो सहरमा भएको युनिभर्सिटीक्लाबारमा धर्मदर्शनको अध्ययन गरिरहेका छन्। तर तपाईंको आँखामा कागतीको झोल राखेर निको पार्न नखोज्नुहोस्।